वेवसाइट: www.uttargayamun.gov.np
इमेल: uttargayarm@gmail.com

उत्तरगया गाउँपालिका
(Uttargaya Rural Municipality)

# गाउँ कार्यपालिकाको कार्यालय
# (Office of Rural Municipal Executive)

लहरेपौवा, रसुवा (Laharepauwa, Rasuwa)
बागमती प्रदेश , नेपाल(Bagmati Province , Nepal)

प.सं.(Issue No.)२०७८/०७९

मिति :२०७९।०७।१६

## बाबु आमा विहिन बालबालिका संरक्षणको लागि उत्तरगया गाँउपालिकाद्धारा जारी सूचना !!

बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रम अर्न्तगत बाबु आमा दुवै गुमाएका बालबालिकाको शिक्षा , स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षण प्रदान गर्ने उद्देश्यले कानून बमोजिम्र मासिक भत्ता उपलब्ध गराउने प्रयोजनका लागि तपशिलका योग्यता पुगेका व्यक्तिहरुले तल उल्लेखित कागजातहरु सहित यो सुचना प्रकासन भएको मितिले ७ दिन भित्र यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य बालबालिकाले वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले यस उत्तरगया गाँउपालिका अर्न्तगतको महिला , बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा सुचित गरिन्छ ।

**आवेदनको साथमा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ :**

- जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि(नागरिकता भएमा नागरिकताको प्रतिलिपि) ।
- बाबु र आमा दुवैको मृत्यू दर्ताको प्रतिलिपि वा बाबु आमा दुवै बेपत्ता भएको वा दुवैको संरक्षक र रेखदेखबाट बञ्चितिमा परेको प्रमाणित कागजात ।
- विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुगेको बालबालिकाको हकमा मात्र) ।

**भत्ता प्राप्त गर्न योग्य बालबालिका :**

- बाबु र आमा दुवैको मृत्यू भएको वा दुवै बेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेको ।
- १८ वर्ष उमेर पूरा नगरेको ।
- ५ वर्ष पूरा गरेको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको ।
- कुनै गैर कानूनी वा अपराधिक कार्यमा संलग्न नभएको ।

(पुनश्च : यस अघि भत्ता प्राप्त गरेका बालबालिकाहरुले पनि माथि उल्लिखित कागजात सहित अनिवार्य रुपमा नविकरण गराउनु पर्नेछ । तोकिएको समय अवधिभित्र नविकरण नगरी सो सुविधावाट बञ्चित भएमा कार्यालय जवाफदेहि हुने छैन ।)

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत